# प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
## सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली
## सेवा करारमा व्यक्ति छनोट सम्बन्धी सुचना !

(प्रकाशित मिति २०८१/०९/१३)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् सुदूरपश्चिम प्रदेश अन्तर्गतका शिक्षालयहरुमा अर्को व्यवस्था भएमा स्वतः नरहने गरी हाललाई २०८२ आषाढ मसान्तसम्मको लागि प्राविधिक/प्रशिक्षण तर्फ देहायका पदहरुमा सेवा करारमा व्यक्ति छनोट गर्नु पर्ने भएको हुँदा ईच्छुक योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (मितिः २०८१/०९/२८) सम्म कार्यालय समयमा आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र तोकिएको दस्तुर सहित दरखवास्त फाराम परिषद् सुदूरपश्चिम प्रदेश कार्यालयको Email: ctevtspokailali@gmail.com मा इमेल गर्नुहुन वा भौतिक रुपमा उपस्थित भई सुदूरपश्चिम प्रदेश कार्यालयमा दरखवास्त दिनुहुन सम्बन्धित सबैको जानकारिको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल :

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, सुदूरपश्चिम प्रदेश कार्यालय अन्तर्गतका शिक्षालयहरुका लागि आवश्यक पदहरु।**

| विज्ञापन नं. | पद नाम | श्रेणी | माग संख्या | शिक्षण कार्य गर्नु पर्ने शिक्षालयहरुको नाम |
|---|---|---|---|---|
| २०८१/०८२-१ | कृषि प्रशिक्षक (पशु विज्ञान) | अधिकृत स्तर तृतीय श्रेणी प्राविधिक | ५ | टीकापुर बहुप्राविधिक शिक्षालय, टीकापुर, कैलाली र सेती प्राविधिक शिक्षालय, दिपायल, डोटी |
| २०८१/०८२-२ | स्वास्थ्य प्रशिक्षक (फार्मेसी) | अधिकृत स्तर तृतीय श्रेणी प्राविधिक | ५ | मगंलसेन बहुप्राविधिक शिक्षालय, मगंलसेन अछाम, सेती प्राविधिक शिक्षालय दिपायल, डोटी र भिमदत्त बहुप्राविधिक शिक्षालय, पाटन, बैतडी |
| २०८१/०८२-३ | निर्माण प्रशिक्षक | अधिकृत स्तर तृतीय श्रेणी प्राविधिक | २ | सेती प्राविधिक शिक्षालय, दिपायल, डोटी र भिमदत्त बहुप्राविधिक शिक्षालय, पाटन, बैतडी |
| २०८१/०८२-४ | गणित प्रशिक्षक | अधिकृत स्तर तृतीय श्रेणी प्राविधिक | १ | शुक्लाफाँटा बहुप्राविधिक शिक्षालय, झलारी, कंन्चनपुर |

माथि उल्लेखित पदहरुको लागि आवश्यक न्युनतम शैक्षिक योग्यता देहाय बमोजिम रहेको छ।

| सि. नं. | पदनाम | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|
| | **प्राविधिक तथा प्रशिक्षण सेवा (अधिकृत स्तर तृतीय श्रेणी) तर्फः** | |
| १. | कृषि प्रशिक्षक (पशु विज्ञान) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि (पशु विज्ञान) विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण। (BVSC & AH) |
| २. | स्वास्थ्य प्रशिक्षक (फार्मेसी) | मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण। |
| ३. | निर्माण प्रशिक्षक | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण। |
| ४. | गणित प्रशिक्षक | मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण |

| | |
|---|---|
| १. | **उमेरको हदः** अधिकृत स्तर तृतीय श्रेणी प्राविधिक र सहायक स्तर प्रथम श्रेणी प्राविधिक पदको लागि २१ बर्ष उमेर पुरा भई ५० वर्ष ननाघेको। "उमेर" भन्नाले कुनै पदको निमित्त दरखास्त दिने अन्तिम मितिमा पुरा हुने उमेर सम्झनु पर्दछ। |
| २. | **समकक्षता** निर्धारण गर्नु पर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रतिलिपी स्वयंद्वारा प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नु पर्ने छ । दरख्वास्त साथ पेश नभएको समकक्षता मान्य हुने छैन। |
| ३. | **व्यवसायी परिषद् दर्ताः** प्राविधिक तथा प्रशिक्षण सेवा अन्तर्गत प्राविधिक पदमा दरख्वास्त दिने उम्मेदवारले आफ्नो उपाधिसंग सम्बन्धित पेशा व्यवसायको काम गर्न सम्बन्धित परिषद् लगायत पेशागत संगठनहरुमा दर्ता हुनुपर्नेको हकमा सम्बन्धित व्यावसायिक परिषद्मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि/अनिवार्य रुपमा पेश गर्नु पर्ने छ। |
| ४. | **तलबभत्ता र सुबिधाः** परिषद् कर्मचारी सेवा शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०६९ (छैठौं संशोधन सहित) बमोजिम हुनेछ। |
| ५. | **कार्य गर्नु पर्ने स्थानः** परिषद् सुदूरपश्चिम प्रदेश कार्यालयबाट तोकिएका आङ्गिक शिक्षालयहरुमा गई कार्य गर्नु पर्ने छ। |
| ६. | सूचनामा उल्लेखित म्याद भित्र दाखिला नभएको र न्युनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको वा रितपूर्वक नभएको दरख्वास्त स्वीकृत गरिने छैन। त्यस्तो फाराम स्वीकृत भएको पाईएमा जुनसुकै बखत पनि स्वतः रद्द हुनेछ। |
| ७. | पाठ्यक्रम परिषद्को वेबसाइट www.ctevt.org.np मा Log In गरी CAREER बाट सेवा करारको पाठ्यक्रम डाउनलोड गर्न सकिने छ। |
| ८. | **दरख्वास्त दस्तुरः** परिषद् सुदूरपश्चिम प्रदेश कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, धनगढी, कैलालीमा रहेको खाता नं. ४१७०१००००६५०८००१ मा देहायको श्रेणी अनुसार तोकिएको परीक्षा दस्तुर बुझाई सो को सक्कल भौचर स्क्यान गरी संलग्न गर्नु पर्ने छ। साथै रकम जम्मा गर्दा बैंक भौचरमा दरख्वास्त दिने निवेदकको नाम थर अनिवार्य रुपमा उल्लेख गर्नु पर्ने छ। |
| ९. | **दरख्वास्त दस्तुरः** |

| सि.नं. | श्रेणी | परीक्षा दस्तुर |
|---|---|---|
| १. | अधिकृत स्तर तृतीय | १०००/०० |

| | |
|---|---|
| १०. | **परीक्षाको किसिम तथा अङ्क भारः** अङ्क भार तथा प्रतियोगिताको किसिम सेवा सम्बन्धी दोश्रो पत्रबाट १ (एक) घण्टाको समयमा लिईनेछ । बस्तुगत बहुउत्तर परीक्षा प्रश्न संख्या ५० र प्रति प्रश्न अङ्क २ हुने छ । कुल पुर्णाङ्कः १०० र उत्तिर्णाङ्कः ४० हुनेछ। |
| ११. | यस सुचनामा उल्लेख नभएका विषयहरुको हकमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कर्मचारी सेवा सर्त तथा सुविधा सम्बन्धी विनियमावली २०६९ (छैठौ संशोधन सहित) र अन्य प्रचलित कानुन बमोजिम हुनेछ। |
| १२. | उपरोक्त बमोजिमका समान पदहरुको लिखित परीक्षा एकै दिन एकै समयमा परिषद् सुदूरपश्चिम प्रदेश कार्यालयले तोकेको स्थानमा संचालन हुनेछ। |
| १३. | **फारामः** फाराम www.ctevtsppo.org.np बाट डाउनलोड गर्न सकिने छ अथवा प्रदेश कार्यालयबाट प्राप्त गर्न सकिने छ। |
| १४. | **आवेदन फाराम बुझाउने स्थानः** सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली। |
| १५. | परीक्षा मिति सुदूरपश्चिम प्रदेश कार्यालयको website मा पछि प्रकाशित गरिने छ। |
| १६. | थप जानकारीको लागि : ९८५८०५१३०३ र सम्पर्क टेलिफोन नंः ०९१-४१२१८८ मा सम्पर्क गर्न सकिने छ। |

अध्यक्ष

सेवा करार व्यक्ति छनोट उप-समिति

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**सुदूरपश्चिम प्रदेश कार्यालय**

धनगढी, कैलाली

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने

# सेवाकरारको लागि दरखास्त फाराम

## क) वैयक्तिक विवरण

| | | | | | |
|---|---|---|---|---|---|
| नाम थर | देवनागरीमा | | | | |
| | अंग्रेजी ठुलो अक्षरमा | | | | लिङ्ग: |
| जन्म मिति: | | हालको उमेर: | वर्ष : | महिना : | |
| नागरिकता नं. | | | जारी गर्ने जिल्ला: | जारी मिति: | |
| स्थाई ठेगाना: | क) प्रदेश | | ख) जिल्ला | ग) न.पा./गा.पा. | |
| घ) वार्ड नं. | | | ङ) सम्पर्क मोबाइल नं. | | |
| पत्राचार गर्ने ठेगाना: | | | इमेल: | | |
| बाबुको नाम थर: | | आमाको नाम थर : | | बाजेको नाम थर : | |

## ख) शैक्षिक योग्यता ( दरखास्त फाराम भरेको पदको लागि चाहिने न्युनतम शैक्षिक योग्यता मात्र उल्लेख गर्ने )

| आवश्यक न्युनतम योग्यता | विश्वविद्यालय/बोर्ड | शैक्षिक उपाधि | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |

## ग) दरखास्त सम्बन्धी विवरण

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | श्रेणी तह | बिज्ञापन नं. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

मैले यस दरखास्त फाराममा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सुचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढांटे वा लुकाएको ठहरिएमा नेपालको प्रचलित कानुन बमोजिम सहनेछु/बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु ।

| उम्मेदवारको ल्याप्चे सहिछाप | | उम्मेदवारको दस्तखत |
|---|---|---|
| दाँया | बाँया | |
| | | मिति: |
| कार्यालयले भर्ने : | | |
| रसिद/भौचर नं : | रोल नं. | |
| दरखास्त अस्वीकृत भए सो को कारण : | | |
| दरखास्त रुजु गर्नेको नाम र दस्तखत : | | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत |
| मिति : | | मिति: |

**द्रष्टव्य:दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवारले आफै प्रमाणित गरी पेश गर्नु पर्ने छ ।**

१) नेपाली नागरिकताको प्रतिलिपि, २) समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि, ३) न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, ४) सम्बन्धित व्यवसायिक परिषद् दर्ताको प्रमाण पत्र (लाईसेन्स)